# सैनामैना नगरपालिकाको नवौं नगरसभामा प्रस्तुत

# आ.व. २०७८/७९ को

# बजेट वक्तब्य

नगरकार्यपालिकाको कार्यालय

बुद्धनगर, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

१० आषाढ, २०७८

**यस गरिमामय नगरसभाका सभाध्यक्ष महोदय,**
**नगर सभाका सदस्यहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरु,**

सैनामैना नगरपालिकाको नगर सभामा आर्थिक बर्ष २०७८/७९ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरवान्वित भएको छु ।

यस अवसरमा राष्ट्रिय स्वतन्त्रता, स्वाधिनता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो प्राण उत्सर्ग गर्ने सम्पूर्ण महान सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। जन आन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा सम्पूर्ण ज्ञात अज्ञात व्यक्तिहरुको योगदानलाई उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

सैनामैना नगरवासीको चाहना अनुरुप आर्थिक समृद्धि र सामाजिक रुपान्तरण गर्न नगरवासीको आवश्यकतालाई बजेटमा आत्मसात गर्ने प्रयत्न गरेको छु । स्रोत साधनको सिमीतता, कोभिड १९ को महामारीको विद्यमान परिस्थिति, न्युन आयस्रोत र नगरवासीको उच्च आकांक्षालाई मध्यनजर गरी महामारीले नकरात्मक प्रभाव पारेका सामाजिक र आर्थिक क्षेत्रको पुनर्उत्थान गरी समृद्धिको यात्रालाई जारी राख्न बजेट विनियोजन गरेको छु । क्षेत्रगत र भौगोलिक सन्तुलन कायम हुनेगरी दीर्घकालीन रुपमा प्रतिफल दिन सक्ने योजनाहरु कार्यन्वयन गर्न स्रोत, साधन, प्रविधि रजनशक्ति आदिको प्रभावकारी र कुशल रुपमा बजेटको उपयोग गर्ने रणनीति अवलम्बन गरेको छु ।

बजेट विनियोजनमा स्थानीय टोलबासीको माग, वडा समिति, बिषयगत समिति, राजस्व परामर्श समिति समेतको सिफारिसको आधारमा योजनाको प्राथमिकीकरण गरी बजेट विनियोजन गरेको छु । विनियोजित बजेटमा एकै पटक असीमित आवश्यकता पुरा गर्न अफ्ठेरो भएतापनि सकेसम्म समेटने प्रयास गरेको छु ।

**सभाध्यक्ष महोदय,**

उपलब्ध स्रोत साधन र विभिन्न सम्भावनाको वावजुद यस नगरपालिकामा देहायका चुनौतीहरु विद्यमान छन ।

- कोरोना भाईरसको महामारीलाई थप फैलिन नदिई नगरबासिको स्वास्थ्य सुरक्षा कायम गर्नु।
- कोरोना भाईरसको महामारी नियन्त्रण गर्दै खस्किएको अर्थतन्त्रलाई चलायमान बनाउनु।
- विपन्न, गरिब परिवारलाई खाद्य संकटबाट मुक्त गराउनु।
- नगरपालिका क्षेत्रभित्रको अव्यवस्थित जग्गालाई व्यवस्थापन गर्नु ।
- नदी नियन्त्रण तथा तटबन्ध गर्नु ।
- भवन संहिताको प्रभावकारी कार्यान्वयन गरी सुरक्षित घर निर्माण गर्नु ।

- अव्यवस्थित शहरीकरणलाई व्यवस्थापन गर्नु ।
- अव्यवस्थित प्लटिङ रोक्का गरी भू–उपयोग नीति र योजनाका आधारमा जमीनको उपयोग गर्नु । समाजमा बढ्दो रुपमा रहेको लागु औषध दुर्व्यसनीलाई नियन्त्रण गर्नु ।
- नगरभित्रका सम्पूर्ण सडकलाई तोकिएको मापदण्ड बमोजिम फराकिलो र व्यवस्थित गरी हरित सडकको रुपमा विकास गर्नु ।
- कृषिको आधुनिकीकरण तथा व्यवसायिकरण गरी गरीबी तथा वेरोजगारी समस्यालाई न्यूनीकरण गरी आत्मनिर्भर नगरको निर्माण गर्नु ।सरकारी, सार्वजनिक जग्गाहरुको संरक्षण गर्नु।
- आ.व. ०७८/७९ मा उत्पादनमुलक क्षेत्रमा निजी क्षेत्रको ३ अर्व भन्दा वढि लगानी वढाउने उद्देश्य राखिएको छ ।
- सिमित स्रोत, साधनवाट नगरबासीका असिमित आवश्यकतालाई पूर्ति गर्नु ।संविधानत: व्यवस्था गरिएका मौलिक हकको कार्यन्वयन गर्नु चुनौतिपूर्ण रहेको छ ।

**सभाध्यक्ष महोदय,**

उपरोक्त चुनौतीहरुको वावजुत नगरवासीको समृद्धिको सपना साकार पार्नु हाम्रो दायित्व हो । उक्त दायित्व पूरा गर्न आ.व. २०७८/७९को बजेटका देहायका उद्देश्यहरु रहेका छन्।

- संक्रामक लगायत सबै प्रकारको रोग र विपदबाट नागरिकको जीवन रक्षा गर्दै जनजीविकालाई सहज र सुरक्षित बनाउने ।
- कोरोना महामारीबाट खस्किएको अर्थतन्त्रलाई चलायमान बनाउने ।
- बेरोजगार युवा-युवतिहरुलाई रोजगारिका अवसर सिर्जना गर्ने ।
- नेपालको संविधानले निर्दिष्ट गरेका प्रावधानहरुलाई कार्यान्वयन गरी जनतालाई संघीयताको अनुभूति दिलाउने ।
- नगरको बिकासमा जनतालाई सहभागिता र अपनत्वको महसुस गराउने ।
- जनताको माग र नगरको प्राथमिकता वमोजिम विकास व्यवस्थापन गर्ने ।
- सुशासन र सुरक्षाको प्रत्याभूति दिलाउने ।
- सूचना प्रविधिको विकास सँगै शिक्षा र स्वास्थ्य क्षेत्रमा गुणस्तर सुधार गर्ने ।
- सेवा प्रवाहलाई सरलिकृत र चुस्त बनाउने ।

- भूमि बैंक मार्फत निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक कृषि प्रणालीको रुपमा विकास गरी एकीकृत कृषि प्रणालीलाई अवलम्बन गर्न कृषकलाई प्रोत्साहन गर्ने ।
- उद्यमशील कृषि र पशुपंक्षीजन्य उत्पादनमा आत्मनिर्भर वनाउन सहयोग गर्ने ।
- ब्यवस्थित शहरीकरणको लागि दीर्घकालीन नीति तथा मापदण्ड बनाई **"कृषि, पर्यटन, उद्योग र पूर्वाधार, सु–संस्कृत, समृद्ध नगर सैनामैनाको आधार"**भन्ने अभियानलाई पूर्णता प्रदान गर्ने ।
- प्राविधिक शिक्षा र सिपमूलक तालिमको माध्यमबाट स्वरोजगार बनाई जनताको जिवनस्तर सुधार गर्ने ।
- जनतालाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने ।
- नेपालको गन्तव्यसूचीमा परेको सैनामैना क्षेत्रको प्रचार प्रसार गरी विश्व सामु चिनाउने ।

**योजना र कार्यक्रमहरुलाई नागरिकको आवश्यकता र समयानुकुल बनाउन तथा बजेट कार्यान्वयनमा प्रभावकारीता ल्याउन बजेट तथा कार्यक्रममा समावेश भएका योजना, कार्यक्रमहरुलाई निम्न आधारमा प्राथमिकिकरण गरी प्रस्तुत गरेको छु ।**

- कोरोनाको संक्रमणबाट सैनामैना नगरबासीलाई सुरक्षित बनाउन स्वास्थ्य क्षेत्रलाई प्रथम प्राथमिकतामा राखिएको छ।
- बेरोजगार युवा तथा महिलालाई कृषि, पशुपंक्षि व्यवसायमा आबद्ध गरि आत्मनिर्भर गराउने।
- स्वास्थ्य क्षेत्रको सबलिकरण गर्न स्वास्थ्य क्षेत्रको पुनसंरचना गर्ने ।
- प्रविधिमैत्री अपनत्व सहितको गुणस्तरीय शिक्षाका लागि शिक्षक, विद्यार्थिको क्षमता विकास गरी विद्यालयलाई प्रविधिमैत्री बनाउने।
- स्वरोजगारको माध्यमबाट गरिबी न्यूनीकरणमा योगदान पुर्याउने ।
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त हुने खालका कृषि, पशु विकासका कार्यक्रम सञ्चालन गर्ने ।
- राजस्व परिचालनमा योगदान पुर्याउने कार्यक्रमहरु ।
- सेवा प्रवाह, संस्थागत विकास र सुशासन प्रबर्धनमा सहयोग पुर्याउने ।
- स्थानीय स्रोत साधन र सीपबाट सञ्चालन हुने तथा लागत सहभागितामा अभिवृद्धि गर्ने ।
- लैगिंक समानता, सामाजिक समावेशीकरणको माध्यमबाट पिछडिएका वर्ग तथा समूदायलाई राज्यको मुलधारमा समाहित गर्ने।
- दिगो विकास र वातावरण संरक्षणमा योगदान पुर्याउने ।
- स्वस्थ, शिक्षित र अनुशासित सामाजको विकासमा जोड दिने ।

- विशेष संस्कृति र जातीय पहिचान संरक्षण र प्रवर्धन गर्ने ।
- नागरिक स्तरबाट उठान भएका आवश्यकता एवं अपेक्षाहरुको संवोधन गर्ने ।

## सभाध्यक्ष महोदय,

संवत २०७८ साल आषाढ ६ गतेका दिन नगरसभाले स्वीकृत गरेको आर्थिक वर्ष २०७८।०७९ को नीति तथा कार्यक्रम, नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची,मौलिक हकहरु, संघीय सरकार र प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु जस्ता विषयलाई आधार लिई आ.व. ०७८/०७९ को बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु ।

## सभाध्यक्ष महोदय,

अब म नगरपालिकामा भएका विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

### स्वास्थ्य तथा सरसफाई

१. विद्यमान कोभिड १९ को महामारीले स्वास्थ्य क्षेत्रको विस्तार र सबलिकरण गर्नुपर्ने पाठ सिकाएको छ। कोरोना महामारीको उपचारमा संलग्न स्वास्थ्यकर्मीलाई प्रोत्साहित गर्न जोखिम भत्ताको व्यवस्था मिलाएको छु। कोरोना महामारीको रोकथाम तथा नियन्त्रण गर्न कोरोना रोकथाम तथा नियन्त्रण कोषमा रु १ करोड विनियोजन गरेको छु ।

२. पर्सोहा स्वास्थ्य चौकीलाई स्तरोन्नति गरि मुर्गियामा विशेषज्ञ सेवा, अत्याधुनिक उपकरण र सुविधा सहितको १५ शैयाको आधारभुत अस्पतालकोनिर्माण कार्यसुरुवात भईसकेको हुँदा तिव्रताका साथ निर्माण कार्य सम्पन्न गर्न रु ५ करोड बजेटको व्यवस्थापन गरेको छु।

३. सालझण्डीस्थित वनकट्टी स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा सञ्चालन गर्न रु५ लाख, गर्भवती तथा सुत्केरी पोषण कोशेली कार्यक्रमको लागि रु.३ लाख, जेष्ठ नागरिकको घरमा स्वास्थ्य सेवा कार्यक्रमको लागि रु.२ लाख, हेलो आमा कार्यक्रम मार्फत जेष्ठ नागरिक, गर्भवती, सुत्केरी आमाहरुलाई सुरक्षित स्वास्थ्य तथा परामर्श सेवा प्रदान गर्न रु.१ लाख ५० हजार विनियोजन गरेकोछु।महिलासंग उपप्रमुख कार्यक्रमबाट महिलाहरूको स्तन क्यान्सर रोकथाम तथा नियन्त्रण गर्न स्तन क्यान्सर शिविर र पाठेघरको मुखको क्यान्सर शिविर सञ्चालन गरिनेछ।

४. महिला स्वास्थ्य स्वयंसेविकाहरुले गरेको योगदानको उच्च मूल्याङ्कन गर्दैमहिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको नि:शुल्क स्वास्थ्य वीमा गर्नरु. १ लाख ४२ हजार विनियोजन गरेको छु। महिला स्वास्थ्य स्वयंसेविकाको कामलाई थप जिम्मेवार र उत्तरदायी बनाउन कार्यसम्पादनको आधारमा प्रोत्साहन गर्न महिला स्वास्थ्य स्वयंसेविका अक्षय कोषमा रु.१ लाख थप रकम विनियोजन गरेको छु।

५. हाल सञ्चालनमा रहेका शहरी स्वास्थ्य केन्द्रलाई व्यवस्थित गराउन रु.१४ लाख ९६ हजार विनियोजन गरेको छु।

६. एन्टीरेविज भ्याक्सिन संचालन,कुष्ठरोग खोजपड्ताल कार्यक्रम, आँखा शिविर, क्यान्सर शिविर, मातृ तथा नवशिशु कार्यक्रम, पोषण कार्यक्रम, सामुदायिक डट्स कार्यक्रम, परिवार नियोजन तथा प्रजनन् स्वास्थ्य कार्यक्रम, टाईफाईड खोप अभियान संचालन जस्ता कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

७. नगरपालिकामा पूर्ण सरसफाई कायम गर्नका लागि आ-आफ्नो टोलमा सरसफाई गर्न टोल विकास संस्था र खानेपानी संस्थालाई परिचालन गरिनेछ। सरसफाईमा उत्कृष्ट कार्य गर्ने टोल विकास संस्थालाई पुरस्कृत गर्ने प्रबन्ध मिलाएको छु।फोहोरमैला व्यवस्थापन कोषमा रु. ५० लाख विनियोजन गरेको छु।

८. स्वास्थ्य र सरसफाई क्षेत्रको लागि कुल रु.१० करोड ५० लाख ७२ हजार विनियोजन गरेको छु।

## शिक्षा, युवा तथा खेलकुद

९. **प्रविधिमा आधारित अपनत्व सहितको गुणस्तरीय शिक्षा, सैनामैनाको प्रतिबद्धता** " भन्ने नारालाई साकार पार्न विद्यालयलाई सूचना प्रविधियुक्त वनाउने कार्यलाई निरन्तरता दिइने छ। कक्षा कोठामा गरिने शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई प्रभावकारी वनाउन लागत साझेदारिमा **एक शिक्षक एक ल्यापटप** कार्यक्रम संचालनको लागिरु ५० लाख विनियोजन गरेको छु। शिक्षकलाई सूचना प्रविधि मैत्री वनाउको लागि प्रविधिमैत्री दक्ष शिक्षकहरुबाट अन्य शिक्षकहरुमा सीप हस्तानतरण गर्ने व्यवस्था मिलाउन रु. ९ लाख विनियोजन गरेको छु।

१०. विद्यालयको शैक्षिक गुणस्तर परीक्षण गरी उत्कृष्ट ठहरिएका ३ वटा विद्यालयलाई नमुना विद्यालयको रुपमा लागत साझेदारिमा विकास गर्ने व्यवस्था मिलाएको छु।विद्यालयको शैक्षिक गुणस्तर परीक्षणको आधारमा उत्कृष्ट ठहरिएका शिक्षकलाई पुरस्कृत गर्न रु १ लाख ५० हजार विनियोजन गरेको छु। वालवालिकाहरुको सिकाइ कृयाकलाप अभिवृद्धि गरी शैक्षिक गुणस्तर सुदृढिकरण गर्न विद्यालयहरुमा विज्ञान प्रयोगशाला,पुस्तकालय तथा

सूचना प्रविधिको पूर्वाधार विकास गरिने छ। आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्न रु ७ लाख विनियोजन गरेको छु। विद्यार्थी प्रतिभा पहिचान गरी उत्कृष्ट प्रतिभाहरुलाई प्रोत्साहन गरिने छ। कोभिड १९ का कारण भौतिक रुपमा उपस्थित भई विद्यालय सञ्चालन हुन नसकेको अवधीभर बैकल्पिक माध्यमबाट कक्षा सञ्चालन गर्न रु १० लाख विनियोजन गरेको छु।

११. नेपाल सरकारको नीति तथा कार्यक्रम अनुरुप विद्यालय बाल विकासका शिक्षक/शिक्षिका र विद्यालयका कर्मचारिहरुको न्यूनतम पारिश्रमिक सुनिश्चित गर्न रु ५५ लाख ९० हजार विनियोजन गरेको छु।

१२. विद्यार्थीको चाप बढी भएका विद्यालयको भौतिक पूर्वाधार विकासमा जोड दिइनेछ। नगर भित्रका सवै विद्यालयहरुलाई एकै किसिमको रंगरोगन गर्न रु १० लाख विनियोजन गरेको छु। पूर्व प्राथमिक कक्षा देखि कक्षा ३ सम्म रमाइलो र सजावट युक्त वालमैत्री कक्षा व्यवस्थापन गरेको छु।प्राथमिक तहका सबै बालबालिकालाई विद्यालयमा निःशुल्क, स्वच्छ र स्वास्थ्यवर्धक खाजा, स्वच्छ खानेपानीको व्यवस्था गरेको छु। विद्यालयमा अध्ययनरत सवै छात्राहरुलाई आवश्यक पर्ने सेनेटरी प्याड निशुल्क उपलव्ध गराउन रु ३७ लाख ५७ हजार बजेट व्यवस्थापन गरेको छु ।

१३. **"स्वास्थ्यका लागि खेलकूद,राष्ट्रका लागि खेलकूद"** अभियानलाइ सार्थक बनाउन नगरस्तरीय खेलकूद समिति गठन भइ संचालनमा आएको छ। नगर भित्र संचालन हुने सबै किसिमका खेलहरुलाई नगरस्तरीय खेलकूद समिति मार्फत एकद्वार प्रणालीवाट सञ्चालन गर्न रु. ४७ लाख विनियोजन गरेको छु।

१४. लागत सहभागितामा नगरस्तरीय खेलकुद समितिबाट व्यवस्थापन हुने गरि नगरपालिकाभित्र वडा नं. २,६ र ११ मा खुला व्यायामशाला निर्माण गर्न प्रति वडा १० लाखको दरले ३० लाख विनियोजन गरेको छु।

१५. रामापुर विद्यालयलाई नमुना विद्यालय निर्माण गर्न नगरपालिकाबाट लागत साझेदारिको लागि रु. ७ लाख ५० हजार विनियोजन गरेको छु।

१६. अनौपचारिक महिला विद्यालय सञ्चालन गर्न रु. २ लाख ८० हजार विनियोजन गरेको छु।शैक्षिक महोत्सव, विद्यार्थि प्रतिभा पहिचान, शैक्षिक क्यालेन्डर, मेयरसंग बालबालिका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छु।

१७. सामुदायिक माध्यमिक विद्यालयमा अभिभावक अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्न रु ६ लाख ५० हजार विनियोजन गरेको छु।

१८. कक्षा ५ सम्मका विद्यार्थीलाई दिवा खाजाको लागि रु १ करोड ७७ हजार बजेट व्यवस्थापन गरेको छु।

१९. नमुना विद्यालय तथा विद्यालय पूर्वाधार कार्यक्रमको लागि रु ४ करोड १२ लाख ३६ हजार बजेट व्यवस्थापन गरेको छु।

२०. शिक्षा, युवा तथा खेलकुदमा एकमुष्ट रु. २३करोड ६१ लाख २१ हजार छुट्टाएको छु।

सभाध्यक्षज्यू तथा उपस्थित महानुभावहरु,

## आर्थिक विकास

२१. **"भूमी बैंकमार्फत प्रविधियुक्त कृषि, स्वरोजगारीमा बृद्धि, सैनामैनाको आर्थिक समृद्धि"** भन्ने अभियानलाई साकार पार्न भूमि बैंकको स्थापना गरी सामुहिक खेती, करार खेती र व्यवसायिक खेती गर्न प्रोत्साहन गरिनेछ।५० प्रतिशत अनुदानमा उन्नत वीउ वितरण,कृषि यन्त्र उपकरण वितरण, प्लाष्टिक टनेल निर्माण, फलफुलको विरुवा वितरण गर्न कुल रु २६ लाख विनियोजन गरेको छु।

२२. पशुपंक्षी व्यवसायीलाई आत्मनिर्भर बनाउन नश्ल सुधार कार्यक्रम, बाझोपन निवारण घुम्ती शिविर, पशुधन सुरक्षण कार्यक्रम, नि:शुल्क खोप कार्यक्रम लगाएतका कृषकहरुको क्षमता अभिवृद्धी गर्ने तालिमसञ्चालन गर्न रु २१ लाख विनियोजन गरेको छु।व्यवसायी पशुपालक किसानलाई अनुदान स्वरुप उन्नत घाँसको विउ तथा विरुवा वितरण गर्न १५ लाख १० हजार विनियोजन गरेको छु।विघुतीय च्यापकटर र काउ म्याट अनुदानमा वितरणको लागि कुल रु ११ लाखविनियोजन गरेको छु।

२३. युवाहरुलाई पशुपालन व्यवसायमा आबद्ध गर्न साझेदारी युवा लक्षित प्रबर्द्धन कार्यक्रममा १० लाख विनियोजन गरेको छु।

२४. कोरोना भाईरसको कारण बैदेशिक रोजगारबाट घर फर्किएका बेरोजगार युवालाई कृषि तथा पशुपंक्षी व्यवसायमा आबद्ध गर्ने नीति लिईएको छ।UNDP नेपाल र सैनामैना नगरपालिकाको साझेदारीमा कोरोना महामारीको कारणले स्वदेशी तथा बैदेशिक रोजगारी गुमाएका युवाहरुलाई उद्यमशिल बनाउन कोभिड १९ पून:उत्थान सामाजिक तथा आर्थिक प्रतिकार्य परियोजनालाई निरन्तरता दिन रु १ करोड विनियोजन गरेको छु।सैनामैना नगरपालिका भित्र EBIC center स्थापना गरी वेरोजगार उद्यमी वन्न चाहाने युवाहरुलाई प्राविधिक सहयोग तथा सहजीकरण गरिनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सूचिकृत भएका बेरोजगार व्याक्तिहरुलाई श्रममा आधारित न्यूनतम रोजगारीमा संलग्न गराइनेछ।प्रधानमन्त्री रोजगार कार्यक्रममा नगरपालिकाबाट रु. १५ लाख लागत साझेदारि सहित कुल जम्मा रु. ५९ लाख ६३ हजार विनियोजन गरेको छु।

२५. कृषक तथा पशुपालक किसानलाई अपनत्व बोध गराउन नगरपालिकाबाट प्रदान गरिने अनुदानमा ५० प्रतिशत लागत सहभागिता गराउने नीति अवलम्बन गरिएको छ । कृषक पाठशालालाई निरन्तरता दिन रु. ११ लाख विनियोजन गरेको छु। कृषियोग्य जमिनमा सिचांईको पहुँच पुर्याउन ५० प्रतिशत अनुदानमा साना सिँचाई कार्यक्रममा रु. १० लाख विनियोजन गरेको छु।

२६. कृषकलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने, कृषि सामग्रीमा अनुदान तथा सहयोग गर्ने, कृषकको उत्पादनको बजारीकरण गर्ने देखि कृषकको आम्दानीको बचत गर्ने सम्मका कार्यको सुनिश्चितता हुने गरि सहकारी संस्थाको सबलीकरण गर्दै कृषकहरु लाई सहकारी संस्थामा आबद्ध गरिनेछ।सहकारी संस्थाको चौमासिक समिक्षा बैठक गर्न रु. २ लाख विनियोजन गरेको छु। सहकारि संस्थाको लेखा प्रणालिलाई व्यवस्थित गर्न सबै सहकारि संस्थालाई कोपोमिसमा आबद्ध गरिनेछ, यसका लागि रु. ४ लाख विनियोजन गरेको छु ।

२७. वडा नं. ७ लम्टैयामा निर्माणाधिन औद्योगिक ग्रामको तेस्रो चरणको निर्माण कार्य सम्पन्न गर्न नगरपालिकाबाट रु. १० लाख लागत साझेदारी हुने गरि कुल रु. १ करोड २ लाख बजेट व्यवस्थापन गरेको छु।

२८. मुर्गियामानिर्माणाधिन शीत भण्डारको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याउनको लागि थप रु.३३ लाख ५१ हजार विनियोजन गरेको छु।

२९. कृषि तथा पशु विकास तर्फ कुल रु २ करोड ५६ लाख १६ हजार र सहकारी विकास तर्फ कुल रु १० लाख विनियोजन गरेको छु।

**सभाध्यक्षज्यू तथा उपस्थित महानुभावहरु,**

## भूमि तथा भवन व्यवस्थापन

३०. सैनामैना नगरपालिकाभित्र रहेका भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीको जग्गा नापि गर्ने, नक्सा श्रेस्ता तयार गर्ने कार्य समाप्त गरि सैनामैना नगरवासी भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाणपत्र पूर्जा वितरण गर्न र गाउँ ब्लक जग्गा नापजाँच गर्न कुल रु. १ करोड ५० लाख विनियोजन गरेको छु।

३१. आ.व २०७८/७९ मा घर नक्सा डिजिटाईजेसन गर्ने कार्यको सुरुवात गर्न रु ५ लाख विनियोजन गरेको छु।

३२. नगरको व्यवस्थित शहरीकरणका लागि भवन निर्माण मापदण्डलाई थप प्रभावकारी रुपमा लागु गर्न घरधनी, निर्माण व्यवसायी तथा डकर्मीहरुलाई चरणवद्धरुपमा उपलब्ध गराइएको

तालिमलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु। यसरी तालिम लिएका व्यवसायीलाई मात्र नगरपालिकामा भवन निर्माणको अनुमति दिने व्यवस्था गरिनेछ ।

३३. आ.व २०७८/७९ भित्र १,२,४ र ५ नं. वडा कार्यालयको प्रशासनिक भवन निर्माण गर्न ४ करोड ८४ लाख बजेट व्यवस्थापन गरेको छु।

## जेष्ठ नागरिक,महिला, बालबालिका तथा अपाङ्ग

३४. **"सामाजिक न्याय र समताका लागि सकरात्मक विभेद"**को नीति अनुरुप हाल सञ्चालन गरिदै आएको क्षमता विकास तथा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिदै विधवा तथा एकल महिला, द्वन्द्वपीडित तथा हिंसापीडित महिला, बेरोजगार तथा अति पिछडिएका व्याक्ति र बिपन्न समुदायको लागि रोजगारमूलक तालिमलाई निरन्तरता दिदै थप प्रभावकारी बनाइनेछ।

३५. महिलाहरुको सशक्तिकरण गर्नको लागी"महिलासँग उपप्रमुख" कार्यक्रम लाई रु २० लाख विनियोजन गरेको छु।महिलासँग उपप्रमुख कार्यक्रम मार्फत विपन्न, बेरोजगार, पिछडिएका महिलालाई उद्यमि बनाउनको लागि शिपमुलक तालिम प्रदान गर्नुका साथै आवश्यक पुजिगँत सहयोग गरिनेछ।

३६. हरेक वर्ष जेष्ठ नागरिकहरुलाई गरिदै आएको सम्मान कार्यक्रमलाई निरन्तरता दिन रु ५ लाख विनियोजन गरेको छु।

३७. अपाङ्गता भएका व्याक्तिहरुलाई उद्यमि बनाई आत्मनिर्भर बनाउन अपाङ्गता उद्यमशिल कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि रु. १३ लाख विनियोजन गरेको छु।बालबालिका र किशोर किशोरीको क्षमता विकास गरि सिर्जनशिल बनाउन बालबालिकाको क्षमता अभिबृद्धी कार्यक्रममा रु १० लाख विनियोजन गरेको छु।

३८. बेरोजगार, विपन्न महिलाहरुलाई सिपमुलक बनाई आत्मनिर्भर बनाउन महिला सशक्तिकरण कार्यक्रमको लागि रु ५ लाख विनियोजन गरेको छु।

३९. जेष्ठ नागरिक, महिला, बालबालिका तथा अपाङ्ग क्षेत्रमा कुल रु. ६० लाख विनियोजन गरेको छु।

**सभाध्यक्षज्यू तथा उपस्थित महानुभावहरु,**

## सँस्कृति तथा पर्यटन

४०. कोरोना भाईरसको महामारीका कारण पर्यटन व्यवसाय ठप्प भएका छन्।पर्यटन व्यवसायको पुन:उत्थान गर्नको निम्ती नगरपालिकाबाट आवश्यक नीतिगत सहयोग गरिनेछ।

४१. परोंहा परमेश्वर बोलबमधाम मन्दिरको निर्माण कार्य समपन्न गरि मन्दिरलाई हिन्दु धर्मावलम्विको प्रमुख पर्यटकिय स्थलको रुपमा विकास गर्न नगरपालिकाको रु १ करोड २ लाख लागत साझेदारि सहित कुल रु ५ करोड ९२ लाख बजेट व्यवस्थापन गरेको छु।

४२. डिउहार निर्माण, भड्छा महोत्सव, बौद्ध गुम्बा निर्माण, औद्योगिक प्रदर्शनी, माघि महोत्सव, आदिवासी जनजाति महोत्सव र पार्क निर्माणको लागि कुल रु ५१ लाख विनियोजन गरेको छु।

४३. राष्ट्रिय स्वतन्त्रता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने शहिदहरुको सम्झनामा शहिद दिवस र राष्ट्रियता, लोकतन्त्र र जनजिविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मानको लागि वि.पि स्मृती दिवस र पुष्पलाल स्मृतीदिवसको दिन सिर्जनात्मक कार्यक्रमको आयोजना गरि मनाउन कुल रु. ४ लाख विनियोजन गरेको छु।

४४. सँस्कृति तथा पर्यटन क्षेत्रमा कुल रु ६ करोड ४७ लाख छुट्टाएको छु।

**सभाध्यक्षज्यू तथा उपस्थित महानुभावहरु,**

## पूर्वाधार विकास

४५. बहुवर्षिय आयोजनाहरु तोकिएको समयावधिभित्रै सम्पन्न गर्ने गरि स्रोत सुनिश्चित गरिनेछ।ठेक्का लागेर बन्दाबन्दीका कारण सम्पन्न हुन नसकेका संघ र प्रदेशका एकल वा साझेदारीका आयोजनाहरुको म्याद थप गर्न संघिय र प्रदेश सरकारसंग अनुरोध गरि अधुरा आयोजनाहरुको निर्माण कार्य सम्पन्न गरिनेछ।चालु आ.व का अधुरा आयोजना निरन्तरताको लागि रु. ९ करोड १५ लाख विनियोजन गरेको छु।

४६. योजनाहरुलाई बजेटको कमी हुन नदिने तथा समयावधि भित्रै सम्पन्न गर्ने कुरामा उच्च प्राथमिकताका साथ सम्पन्न गर्ने तर्फ आवश्यक पहल गरिनेछ।

४७. संघीय सरकारको साबिक राष्ट्रिय प्राथमिकता प्राप्त योजना र प्रदेश सरकारबाट कार्यान्वयन भइरहेकोसैनामैना नगरपालिकाको गौरवकोरुपमा रहेको सैनामैना चक्रपथमा पर्ने बाकि पुलहरुको ठेक्का लागिसकेको छ।आ.व २०७८/७९ भित्र सैनामैना चक्रपथ पूर्ण रुपमा निर्माण गरि सञ्चालनमा ल्याउन आवश्यक व्यवस्था मिलाएको छु।

४८. नगरपालिकाको पूजिंगत बजेटबाट सडक मर्मत तथा संभार गर्ने कार्यको लागि मर्मत संभार कोषमा रु ४० लाख विनियोजन गरेको छु।

४९. मुर्गिया स्थित राष्ट्रिय फुटबल रंगशालामा २ करोड , सालझण्डी ढोरपाटन बसपार्कमा २ करोड, संयुक्त फोहोरमैला प्रशोधन केन्द्रमा १ करोड २५ लाख विनियोजन गरेको छु।

५०. तराई मधेश समृद्धि कार्यक्रम मार्फत दोगरा कोटिया मन्दिर कृषि सडक कालोपत्रेमा ३५ लाख विनियोजन गरेको छु।

५१. संघिय सरकार र प्रदेश सरकारको साझेदारिमा संचालन हुने योजनाको लागि संघ साझेदारी कोषमा रु २ करोड १७ लाख र प्रदेश साझेदारी कोषमा रु १ करोड ५० लाख विनियोजन गरेको छु।

५२. पानवारी हाटबजार निर्माणको लागि रु २० लाख, सालझण्डी शौचालयमा १० लाख विनियोजन गरेको छु।

५३. निर्माणाधिन फूलवारी पार्क, वोलबम पर्यावरणीय पार्क र मलमला पार्कमा श्रोत वृद्धि गर्न पहल गरिनेछ।नेपाल सरकार र लुम्बिनी प्रदेशको सहलगानीमा वडा नं. ३ मा अवस्थित लामीरहको बहुउद्देश्यीय बाधकोपहिलो चौमासिक भित्र बहुवर्षिय ठेक्का व्यवस्थापन गराई निर्माण कार्य सुरुवात गरिनेछ।

५४. नदिजन्य पदार्थबाट प्राप्त आम्दानीबाट नदि, खोला संरक्षणको लागि कुल रु ३१ लाख विनियोजन गरेको छु।नदिजन्य पदार्थ निकासि हुने शितलापुर र पानवारीको बाटो निर्माणको लागि रु १४ लाख विनियोजन गरेको छु।

५५. शवदाह गृह रसामाजिक संस्कार स्थललाई थप व्यवस्थित गर्न ४२ लाख विनियोजन गरेको छु।

५६. पुर्वाधार विकास तर्फ कुल रु .२९ करोड ३३ लाख ४४ हजार बजेट विनियोजन गरेको छु।

**सभाध्यक्षज्यू तथा उपस्थित महानुभावहरु,**

## वन,वातावरण तथा विपद व्यवस्थापन

५७. वन संरक्षणको लागि नगरक्षेत्रका विभिन्न सामुदायिक वनहरुमा तारवार गरिने कार्यलाई निरन्तरता दिन २० लाख विनियोजन गरेको छु।

५८. **"विपद् न्यूनिकरणको लागि पूर्व तयारीमा जुटौं"**भन्ने अभियानलाई साकार पार्न विपद् व्यवस्थापन समितिलाई अझै प्रभावकारी बनाइनेछ। विपद व्यवस्थापन कोषमा रु ३० लाख विनियोजन गरेको छु।

५९. सम्भावित जोखिमको पहिचान गरि अन्तर स्थानीय तह विपद् व्यवस्थापन केन्द्रको सबलिकरण र विस्तार गर्ने व्यवस्था मिलाएको छु।

## राजश्व प्रशासन

६०. कोरोना भाईरस महामारीको कारण निशेधाज्ञा अवधिभर सञ्चालन हुन नसकेका व्यवसायहरुलाई राहत स्वरुप निशेधाज्ञा अवधिभरको घर बहाल कर र व्यवसाय करमा छुट तथा सहुलियत दिने नीति अवलम्बन गरिएको छ। करको दर कम र दायरा फराकीलो बनाईनेछ। प्रगतिशिल कर प्रणाली लागु गरिनेछ।

६१. घर जग्गा बहाल कर असुली कार्यको शुरुवातका लागि सम्पत्ति कर, व्यवसाय कर र वडा कार्यालयबाट प्रवाह हुने सेवाहरुसँग एक आपसमा आवद्ध गरी असुली प्रक्रियालाई अनिवार्य, व्यवस्थित र प्रभावकारी रुपमा परिचालन गर्न राजश्वसँग सम्वन्धित राजश्व शाखाका कर्मचारी, वडाका कर्मचारी, वडा समितिका पदाधिकारी र टोल विकास संस्थाका पदाधिकारीहरुलाई तालिमको व्यवस्था मिलाएको छ।

**सभाध्यक्षज्यू तथा उपस्थित महानुभावहरु,**

## न्याय प्रणाली

६२. स्थानीय तहलाई संविधानत्त प्राप्त न्यायिक अधिकारलाई जनताले प्रत्यक्ष अनुभुति गर्ने गरी सबलिकरण गरिनेछ। न्याय प्रणालीलाई पहुँचयोग्य र सरलिकृत बनाईनेछ। न्यायिक समितिको क्षेत्राधिकार भित्र पर्ने मुद्धाहरुको निष्पक्ष छानबिन गरी पिडित पक्षलाई न्यायको प्रत्याभुती हुनेगरी समयमै मुद्धा मामिलाको छिनोफानो गरिनेछ। न्यायिक समितिका पदाधिकारी तथा नगर कार्यपालिकाबाट सूचिकृत मेलमिलापकर्ता तथा सहजकर्ताहरुलाई समयानुकूल पूनर्ताजगी तथा क्षमता विकास सम्बन्धी कार्य गर्नको लागि न्यायिक समितिलाई रु १५ लाख विनियोजन गरेको छ।

## सुशासन तथा सेवा प्रवाह

६३. स्थानीय सरकारको काम कारवाहीलाई प्रभावकारी वनाउँदै निर्माण गरिएका ऐन कानूनहरुलाई कार्यान्वयनमा ल्याइ विषयगत क्षेत्रका अत्यावश्यक कानून तर्जुमा गर्ने कार्यलाई निरन्तरता दिइनेछ । सेवाप्रवाहलाई सरलिकृत बनाउन अधिकतम सूचना प्रविधिको प्रयोग गरिनेछ।

६४. राष्ट्रसेवकलाई नेपाल सरकारले १० दिनको पारिश्रमिक सहित पर्यटन काज दिने व्यवस्था गरेकोमा नगरपालिकाले थप ५ दिनको पारिश्रमिक दिने व्यवस्था मिलाएको छ।

६५. नगरपालिका तथा वडा कार्यलयमा डिजिटल नागरिक वडापत्र जडान गरि सेवा प्रवाहलाई सरलिकृत गर्न रु ५ लाख विनियोजन गरेको छु। नगरपालिकको सङ्गठन संरचना निर्माण गर्न रु १० लाख विनियोजन गरेको छु।

६६. नागरिकलाई सूचना दिन मोवाइल एप्लिकेसनहरुको प्रयोगलाई प्रभावकारी बनाइनेछ। पारदर्शिता तथा जवाफदेहिताकायम गरी नागरिकमैत्री सेवा प्रवाहको व्यवस्था गरिनेछ। नगरपालिकाबाट जनतालाई प्रदान गरिने सेवाहरु छिटो छरितो, चुस्त, दुरुस्त र प्रभावकारी बनाउन अनलाईन सेवा प्रणालीको बिकास गर्ने व्यवस्था मिलाएको छु।

६७. नियमित रुपमा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र रेडियो,टेलिभिजन संग विविध कार्यक्रम सञ्चालन गर्न रु ३० लाख विनियोजन गरेको छु।

६८. सञ्चारकर्मीलाई उच्च मनोबलका साथ जनतालाई सुसुचित गर्न प्रोत्साहन गर्न उत्कृष्ट सञ्चारकर्मीलाई सम्मान गर्न व्यवस्था मिलाएको छु। जनतासँग जनप्रतिनिधि जस्ता कार्यक्रमलाई निरन्तरता दिईनेछ। पत्रकारितामैत्रि नगरपालिकाको विकास गरिनेछ।

६९. कर्मचारीलाई कामप्रति उत्प्रेरित गर्न र मनोवल उच्च राख्न कार्य सम्पादनमा आधारित प्रोत्साहन सुविधा उपलव्ध गराइनेछ। साथै कर्मचारी र शिक्षकलाई प्रदान गरिदै आएको पुरस्कारलाई निरन्तरता दिइनेछ। नगरपालिका र मातहतका कार्यालयमा कार्यरत अस्थायी र करार सेवाका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न रु ४२ लाख विनियोजन गरेको छु।

७०. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गर्ने सुनिश्चितता गर्दै रु.२५ करोड बजेटको व्यवस्थापन गरेको छु।

७१. अनलाइन प्रणाली लागु हुनु अघिका बाकि रहेका घटना दर्ताहरु विवरणलाई डिजिटाइजेशन गरी अनलाइन प्रणालीमा प्रविष्टी गर्ने प्रबन्ध मिलाएको छु।

७२. उपभोक्ताहरुको हितलाई मध्यनजर राखि गुणस्तरीय उपभोग्यवस्तुहरुको उपयोग र बिक्री वितरण गर्ने कार्यलाई मर्यादित र व्यवस्थित गर्न बजार अनुगमनलाई निरन्तरता दिने प्रबन्ध मिलाएको छु।

७३. नगरपालिका भित्र रहेका टोल विकास संस्थाको क्षमता अभिवृद्धि गरी नगरपालिकाको विकास र जनचेतनामूलक कार्यमा प्रत्यक्ष सहभागी गराईनेछ। उत्कृष्ट कार्य गर्ने टोल विकास संस्थालाई पुरस्कृत गर्ने नीति लिइनेछ । टोल विकास संस्थालाई दिदै आएको अनुदानलाई निरन्तरता दिन रु १७ लाख ५५ हजार विनियोजन गरेको छु।

७४. सुशासन प्रबर्द्धन तथा भ्रष्टचार नियन्त्रणका लागि**"म भ्रष्टचार गर्दिनँ, म भ्रष्टचार हुन दिन्नँ, म देश र जनताका लागि ईमान्दार भएर काम गर्नेछु"** भन्ने प्रतिज्ञासहितको कार्यसंस्कृतिको प्रवर्द्धन गरिनेछ।

सभाध्यक्ष महोदय,

**अब म आर्थिक वर्ष २०७८/०७९ को बजेट विनियोजन तथा आयको अनुमान प्रस्तुत गर्न चाहन्छु ।**

आगामी आर्थिक वर्षका लागि कुल रु. १ अर्ब२२ करोड १९ लाख ४३ हजार ३ सय ४१ विनियोजन गरेको छु । कुल विनियोजित बजेट मध्ये चालु खर्चमा तलब, भत्ता तथा अन्य सुविधा, कार्यालय सञ्चालन लगायत प्रशासनिक खर्च र अन्य व्यवस्थापन समेतको लागि रु. ५१ करोड ४८ लाख ५५ हजार विनियोजन गरेको छु । जसमा शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, प्रशासनिक खर्च र सामाजिक सुरक्षा भत्तालाई समेत समाबेश गरिएको छ। पूँजीगत खर्च तर्फ कुल रु. ७० करोड ७१ लाख २८ हजार ३ सय ४१ विनियोजन गरेको छु।

उपरोक्त पुँजीगत खर्च मध्ये वडा नं. १ को लागि रु. ७८ लाख ७९ हजार ७ सय ८३, वडा नं. २ को लागि रु. ३८ लाख ३१ हजार ६ सय ४०, वडा नं. ३ को लागि रु. ४१ लाख ३७ हजार ८ सय ४१, वडा नं.४ को लागि रु. ५१ लाख ३५ हजार ६ सय ९६, वडा नं. ५ को लागि रु. ५४ लाख ७२ हजार ९ सय ३१, वडा नं. ६ को लागि रु.  ६१ लाख ८८ हजार ९ सय ५६ विनियोजन गरेको छु । त्यसै गरी वडा नं.७ को लागि रु. ४१ लाख ३१ हजार ३ सय २७ रुपैया, वडा नं. ८ को लागि रु. ३२ लाख ५३ हजार २ सय ५०, वडा नं. ९ को लागि रु. ५२ लाख २४ हजार ४ सय ७३, वडा नं. १० को लागि रु. ६३ लाख ५९ हजार ७ सय ५५ र वडा नं. ११ को लागि रु. ५३ लाख ८४ हजार ३ सय ४७ गरी जम्मा रु ५ करोड ७० लाख  विनियोजन गरेको छु ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये संघीय सरकारबाट प्राप्त अनुदान रु ९१ करोड ३८ लाख२ हजार , प्रदेश सरकारबाट प्राप्त अनुदान रु ६ करोड ४१ लाख ३३ हजार ७ सय ४४,आन्तरीक स्रोतबाट आ.व. २०७७/७८ बाट मौजदात बाकि रकम सहित रु २४ करोड ४० लाख ७ हजार ५ सय ६७ आयको अनुमान गरेको छु ।

राजस्वको शिर्षकगत अनुमान विवरण, संचित कोषमा जम्मा हुने गरी विभिन्न स्रोतवाट प्राप्त हुने आय र व्ययको शिर्षकगत विवरणहरु अनुसुचिमा उल्लेख गरिएको छ ।

**सभाध्यक्षज्यू तथा उपस्थित महानुभावहरु,**

**कृषि, पर्यटन, उद्योग र पूर्वाधार, सु–संस्कृत, समृद्ध नगर सैनामैनाको आधार"**भन्ने नारालाई साकार पार्न उल्लेखित बजेट तथा कार्यक्रमहरु तर्जुमा गरिएका छन् ।बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि नगरपालिकामा कृयाशील राजनीतिक दल, सरकारी तथा गैर सरकारी संघसंस्थाहरु, पत्रकार जगत, नागरिक समाज लगायत सम्पूर्ण सैनामैनाबासी आमा–बुवा, दाजु–भाइ, दिदी–बहिनीहरुको रचनात्मक सल्लाह, सुझाव र सहयोगको अपेक्षा गरेको छु।कोरोना भाईरसको महामारीको समयमा प्रकोप रोकथाम तथा नियन्त्रण गर्न र नागरिकको जनजिवन सामान्य बनाउन नगरपालिकासंग हातेमालो गर्दै सहयोग गर्नुहुने सम्पूर्ण सरकारी तथा गैर सरकारी संघ संस्था, निजी क्षेत्र, समुदाय, सहयोगी हातहरु र सम्पूर्ण नगरबासीहरुमा उच्च कदर गर्दै हार्दिक धन्यवाद दिन चाहान्छु।देश भित्र र बाहिर रहनुभएका सम्पूर्ण सैनामैना नगरबासीहरु कोभिड-१९ को महामारीबाट सुरक्षित रहँदै नगर विकासमा योगदान गर्नुहुन हार्दिक अपेक्षा सहित अनुरोध गर्दछु।

अनत्यमा, बजेट निर्माणका क्रममा अहोरात्र खटिने सम्पूर्ण नगरसभा सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सबै कर्मचारीहरु सहित सल्लाह सुझाव दिनुहुने महानुभावहरु सबैमा विशेष धन्यवाद दिन चाहन्छु। यो बजेटको सफल कार्यान्वयनमा समेत सबैको पूर्ण सहयोग पाउने अपेक्षा गरेको छु ।

धन्यवाद
विना राना
नगर उपप्रमुख